*प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद*

# गण्डकी प्रदेश, प्रदेश कार्यालय

पोखरा

## प्रविणता प्रमाणपत्र तह नर्सिङ्ग कोर्षको

## निःशुल्क वर्गिकृत छात्रवृत्ति र पूर्णशुल्किय तर्फको भर्ना सिफारिस सम्वन्धी अत्यन्त जरुरी सुचना

***प्रथम पटक प्रकाशित मिति २०७८।१०।१२***

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परिक्षा नियन्त्रण कार्यालय सानोठिमी,भक्तपुरको प्रविणता प्रमाणपत्र तह नर्सिङ्गको २०७८/०७९ का लागि मिति २०७८।०९।१८गते गारखापत्रमा प्रकाशित सुचना अनुसार यस प्रदेश भित्र सञ्चालित निजी स्तरका शिक्षण संस्थाहरुमा प्रविणता प्रमाणपत्र तह नर्सिङ्ग विषयको परिषद् प.नि.का. को भर्ना सम्वन्धि निर्देशिका २०७४ (चौथो संसोधन २०७८) अनुसार निःशुल्क छात्रवृत्ति र पूर्णशुल्किय कोटामा अध्ययन गर्न ईच्छुक विद्यार्थीहरुवाट तोकिएको मिति र समयभित्र परिक्षा नियन्त्रण कार्यालयले तोके बमोजिम सम्पूर्ण प्रकृया पूरा गरि रितपूर्वक निवेदन दिएका आवेदकहरुको परिषद् परिक्षा नियन्त्रण कार्यालयको भर्ना निर्देशिका बमोजिम आवेदन फारम रुजु गरि नतिजा प्रकाशन गरिएको व्यहोरा सूचित गरिन्छ । शिक्षण संस्थाले तयार गरेको नतिजामा आवेदकहरुले पेश गरेका प्रमाणपत्रहरु फरक परि वा रितपूर्वक अपुग भई नतिजामा फरक पर्न गएमा सम्वन्धित शिक्षण संस्था नै जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

सिफारिस गरिएका विद्यार्थीहरुले यसै सुचनालाई आधार मानी नतिजा प्रकाशन भएको **मितिले १५(पन्ध्र) दिन (मिति२०७८।१०।१२ गते देखि मिति२०७८।१०।२६गते) सम्म** तोकिएको शिक्षण संस्थामा सक्कल प्रवेश पत्र तथा अन्य कागजात सहित सम्पर्क गरि भर्ना गर्नु पर्नेछ र सम्वधित शिक्षण संस्थाले तोकिएको मिति भित्र सिफारिस भएका विद्यार्थीहरु एकिन गरि भर्ना गरेर अन्तिम मितिको भोलपल्ट मिति २०७८।१०।२७ भित्र यस कार्यालयमा लिखित रुपमा जानकारी गराई सक्नु पर्नेछ ।

निःशुल्क वर्गिकृत छात्रवृत्तिको हकमा तोकिएको मिति भित्र सिफारिस भएका मुख्य विद्यार्थीहरु भर्ना हुन नगई उक्त समुहको सिट रिक्त रहन गएमा योग्यताक्रम अनुसार वैकल्पिक सूचिमा रहेका विद्यार्थीहरुलाई यस कार्यालयवाट पुनः सिफारिस गरिने व्यहोरा सम्वन्धित सवैमा जानकारी गराइन्छ ।

**निर्देशक**